काठमाडौं र विराटनगरबाट एकैसाथ प्रकाशित पहिलो राष्ट्रिय दैनिक
नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA
नेपाली मनको नेपाली पत्रिका
Friday, January 30, 2009 नेस ११२९ सिल्लाथ्व ४ वर्ष १४ अंक २० पृष्ठ ८

# देउराली जनता १८औं वर्षमा

काठमाडौं, (नेस)

देउराली जनता फर्मास्युटिकल्स प्रालि अठारौं वर्षमा प्रवेश गरेको छ।

बिहीबार राजधानीमा आयोजित कार्यक्रममा कम्पनीले मुटुरोग, स्नायुरोगलगायतका गरी १ सय २० थरीका औषधि उत्पादन गरी नेपाली बजारको आन्तरिक माग पूरा गरिरहेको कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले बताउनुभयो।

कम्पनीले अन्तर्राष्ट्रिय प्रविधि तथा डब्लूएचओजीएमपीबाट प्रमाणित उच्च गुणस्तरका औषधि उत्पादन गरिरहेको छ। कार्यक्रममा बोल्दै कम्पनीका बजार व्यवस्थापक मुकेन्द्र सिहले नेपालमा उत्पादित औषधिहरू छिमेकी मुलुकमा निर्यात गर्न सकिने वातावरण बनाइदिन सरकारसँग आग्रह गर्नुभयो।

कम्पनीले चालू आर्थिक वर्षको पहिलो ६ महिनामा ८ वटा नयाँ औषधि उत्पादन गरेको छ। चालू आर्थिक वर्षको पछिल्लो ६ महिनामा थप १२ नयाँ औषधि उत्पादन गर्ने कम्पनीको लक्ष्य रहेको छ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव भुपेन्द्रबहादुर थापा, औषधि व्यवस्था विभागका निर्देशक राधारमण प्रसाद, कम्पनीका उपाध्यक्ष प्राविधिक मणिरत्न शाक्यलगायतले बोल्नुभएको थियो। कम्पनीले दुर्घटनाबाट गम्भीर घाइते भएका आर्थिक पत्रकार गजेन्द्र बुढाथोकीलाई १० हजार रुपियाँ सहयोग गर्ने घोषणा गरेको थियो।